# सुनवल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सुनवल, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

फोन नं.: } ०७८-५७०११६
फ्याक्स नं.:


पत्र संख्या:
चलानी नं.:

मिति:२०८३/०१/२२

## घर नक्सा अभिलेखीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना

यस नगरपालिकाबाट मिति २०८२/१०/१३ गते प्रकाशित घर नक्सा अभिलेखीकरण सम्बन्धी सूचना अनुसार घर नक्सा अभिलेखीकरण गर्ने म्याद २०८३ साल असार मसान्तसम्म मात्र रहेको हुँदा सो अवधिभित्र आवश्यक प्रक्रिया पूरा गरी घर नक्सा अभिलेखीकरण गराउन सम्बन्धित घरधनी तथा सरोकारवालाहरूलाई अनुरोध गरिन्छ।

साथै, अब उप्रान्त निर्माण हुने नयाँ घर तथा भवनहरू अनिवार्य रूपमा स्थानीय भवन निर्माण मापदण्ड तथा प्रचलित कानुन बमोजिम मात्र निर्माण गर्न/गराउन सम्बन्धित सबैमा अनुरोध गरिन्छ। स्वीकृत मापदण्ड विपरीत निर्माण कार्य गरिएको पाइएमा यस नगरपालिकाबाट नक्सा पास तथा निर्माण सम्पन्न प्रमाणपत्र लगायतका कुनै पनि कागजात जारी गरिने छैन।

सुनवललाई एउटा सुन्दर र व्यवस्थित सहर बनाउने अभियानमा सम्पूर्ण नगरवासीहरूको पूर्ण साथ र सहयोगको अपेक्षा गर्दछौं। नियम पालना गरी जिम्मेवार नागरिकको परिचय दिऔं।

२०८३।१।२२

पशुपति भट्टराई
शाखा अधिकृत (आठौं तह)

सुनवल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुनवल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

☎: ०७८-५७०११६

पत्र संख्या : ०८२-८३
च.नं. :

मिति : २०८२।१०।१३

<u>घर नक्सा अभिलेखिकरण सम्बन्धी जरुरी सुचना</u>

प्रस्तुत बिषयमा सुनवल नगरपालिका क्षेत्र अन्तर्गतका सम्पुर्ण वडाहरुमा नक्सापास नगरी निर्माण भएका पुराना भवनहरुको अभिलेखिकरणका लागि स्थानियबाट माग भई आएकोले मिति २०८२।०९।२१ गते बसेको कार्यपालीका बैठकको निर्णय बमोजिम देहायका कागजातहरु संलग्न राखी यो सुचना प्रकासित भए देखि २०८३ साल असार मसान्त भित्र नगरपालिकाको भवन तथा बस्ति बिकास उप साखामा निवेदन पेश गर्न सकिने ब्यहोरा सम्पुर्ण सरोकारवाला हरुलाई जानकारीका लागि अनुरोध छ ।

<u>आबस्यक कागजातहरु :</u>

- जग्गा धनि प्रमाणपत्र पुर्जाको फोटोकपी
- नेपाली नागरीकताको प्रमाण पत्रको फोटोकपी
- तिरो तिरेको रसिद
- अभिलेख राख्ने घर नक्साको Architectural Drawings
- जग्गाको नापि नक्सा ( जग्गाको ट्रेस नक्साको सट्टामा उपलब्ध हुने )

.......................
शेषकान्त पौडेल
प्रमुख प्रसासकिय अधिकृत

शेष कान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत